Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880500/9852880501

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र
## सिरहा

प.सं.२०८१/८२
च.नं. ६२

मितिः २०८१/०६/२०

विषयः सूचना टाँस गरि दिने सम्वन्धमा ।

श्री प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जनकपुरधाम, धनुषा ।
श्री कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,सिरहा ।
श्री स्थानीय तह सबै, सिरहा ।
श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
परियोजना कार्यान्वयन इकाई, धनगढी, जिरोमाइल, सिरहा ।
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिरहा ।
श्री प्रदेश लेखा इकाई कार्यालय, लहान, सिरहा ।

उपरोक्त सम्वन्धमा यस कार्यालयको स्वीकृत वार्षिक अनुसार **दलहन वाली प्रवर्द्धन तथा तेलहन वालि प्रवर्द्धन कार्यक्रम संचालनको लागि प्रस्ताव आव्हानको सूचना** यसै पत्र साँथ संलग्न राखी पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गराई सोको जानकारी यस कार्यालयमा पठाई सहयोग गरि दिन हुन अनुरोध छ ।

..............................
नरेन्द्र कुमार महासेठ
प्रमुख

नरेन्द्र कुमार महासेठ
प्रमुख
दशौं तह

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.२०८१/८२
च.नं.

**दलहन वालि प्रवर्द्धन र तेलहन वाली प्रवर्द्धन कार्यक्रम संचालनका लागि प्रस्ताव आवह्यनको सूचना।**

**प्रथम पटक प्रकाशन मिति:- २०८१।०६।२० गते**

यस कृषि ज्ञान केन्द्र सिरहाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दलहन वालि प्रवर्द्धन कार्यक्रम र तेहहन वाली प्रवर्द्धन कार्यक्रम संचालन गर्न कृषि विकास कार्यक्रमको प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ ले तोके बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी संस्था हरुले माग गरिएको कागजातहरु सहित प्रथम पटक प्रकाशित मितिले २३ औं दिन भित्र (मिति २०८१/०७/१२ गते सम्म) कार्यालय समय भित्र तोकिएको ढाँचामा तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित्त नपुगेका र म्याद नाधी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । आवेदनको ढाँचा यस कार्यालयको वेवसाईट www.akcsiraha.p2.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

| सि.न. | कार्यक्रमको नाम | मापदण्ड कृषकको हकमा | मापदण्ड कृषक समूह/कृषि सहकारीको हकमा |
|---|---|---|---|
| १ | दलहन वालि प्रवर्द्धन कार्यक्रम | न्यूनतम १० कठ्ठा जग्गामा | न्यूनतम ३ बिगहा क्षेत्रफलमा व्यवसायिक रुपमा |
| २ | तेलहन वाली प्रवर्द्धन कार्यक्रम | दलहल/तेलहन वालीको खेती गर्न इच्छुक | दलहल/तेलहन वालीको खेती गर्न इच्छुक |

**आवश्यक कागजपत्रहरु:**

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु.१० को टिकट टाँस गरी आवेदन दिनु पर्नेछ ।
२. कृषक/कृषक समूह/कृषि सहकारी संस्थाहरुले मापदणड अनुसार जग्गाको लालपुर्जा र मालपोत तिरेको रसिदको प्रतिलीपी तथा लिजमा लिएको जग्गाको जग्गा धनि पूर्जा, मालपोत तिरेको रसिद र करारनामा/मन्जुरनामा पत्रको प्रतिलिपीहरु पेश गर्नु पर्ने ।
३. स्थानिय तहमा रहेको कृषि बिकास शाखाको सिफारीश पत्र ।
४. कृषकको हकमा नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र कृषि सहकारी संस्थाको हकमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिक्ताको प्रतिलिपी।
५. आवेदक कृषक समूह/कृषि सहकारी संस्थाहरुको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्वरको प्रमाण, र २०८०/०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
६. कृषक समूह/कृषि सहकारी संस्थाको हकमा आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणी समितिको निर्णयको स्वंयम प्रमाणित प्रतिलिपी।
७. कृषक समूह/कृषि सहकारी संस्थाहरुको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र अख्तियारी पत्र ।

**अनुदानका शर्तहरु:**

१. कृषक समुह/कृषि सहकारीको हकमा तल उल्लेखित अनुदान लक्षित कार्यक्रम वर्गिकरण "क" र "ख" दुवैमा तथा कृषकको हकमा "क" मा मात्र आवेदन दिन सक्ने छन।
   क. उत्पादन तथा उत्पादक्तव वृद्धि कार्यक्रम अन्तर्गत कृषि उत्पादन सामाग्रीहरु (उन्नत वीउ, प्राङ्गारिक मल, कृषि चुन लगायत अन्य), औजार तथा यन्त्र उपकरण, साना सिंचाई व्यवस्थापन, तालिम ।
   ख. उत्पादनोपरान्त प्रविधि तथा प्रशोधन कार्यक्रमहरु अन्तर्गत प्रशोधन मिलहरुको स्थापना वा पुरानो मिलको स्तरोन्नती तथा प्याकेजिङ्ग र लेभलिङ्ग।
२. समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायबाट विगत २ वर्षमा अनुदान नलिइको/झुटा बिवरण पेश नगरेको/कुनै बेरुजु वा अनियमिततामा नपरेको/कार्यालयमा खराव आचरण प्रस्तुत नगरेको स्व-घोषणा पत्र ।
३. गत विगत बर्षहरुमा अनुदान नलिएको तथा उन्नत प्रविधि अवलम्वन गरेको, वढी लागत सहभागिता भएको कृषक/कृषक समूह/कृषि सहकारी संस्थाहरुलाई प्राथमिक्ता दिईनेछ ।
४. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ।

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

प.सं.२०८१/८२
च.नं.

५. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए वमोजिम कायम हुनेछ।
६. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।
७. बिशेष जानकारीको लागि मो.न. ९८५२८८०५०१, ९८५२८५०६०५ र मो.न.९८५२८८०५०५ मा सम्पर्क गर्न सकिन्छ ।

...................
कृषि ज्ञान केन्द्र, सिरहा

नरेन्द्र कुमार महासेठ
प्रमुख
दशौं तह